## निर्णयहरु

निर्णय नं. १. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको संस्थागत स्वमूल्याङ्कन सूचक २०७७ का बारेमा बैठकमा प्रस्तुत गरी सोको कार्यान्वयनका लागि सम्बध्द सबै पक्ष जिम्मेवार हुने निर्णय गरियो ।

निर्णय नं. २. मन्थली नगरपालिकाको आगामि नगरसभा ( हिउदे अधिवेशन) यही २०७७ साल पुस २८ गते मंगलवार दिनको १०.०० बजे सामुदायिक हल मन्थलीमा गर्ने निर्णय गरियो ।

निर्णय नं. ३. नगरपालिकाबाट मस्यौदा भई सरोकारवालाको सुझाव सहित विधायन र विधेयक समितिबाट परिमार्जन सहित प्राप्त भएका देहाय बमोजिमका शंसोधन विधेयक र नयाँ विधेयकहरु परिमार्जन सहित पारित गरी आगामी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

(क) मन्थली नगरपालिकाको आधारभुत तथा माध्यामिक शिक्षा ऐन २०७४ पहिलो शंसोधन विधेयक २०७७

(ख) सहकारी ऐन २०७४ पहिलो शंसोधन विधेयक २०७७

(ग) नगर प्रहरी नियमावली २०७५ पहिलो शंसोधन विधेयक २०७७

(घ) जलश्रोत नियमावली विधेयक २०७७

(ङ) सुचना तथा अभिलेख व्यवस्थापन कार्यविधि विधेयक २०७७

(च) सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यविधि विधेयक २०७७

(छ) टोल विकास संस्था गठन तथा परिचालन कार्यविधि विधेयक २०७७

(ज) अ टो रिक्सा, ई रिक्सा सञ्चालन कार्यविधि विधेयक २०७७

निर्णय नं. ४ मन्थली नगरपालिकामा सञ्चालित सामी परियोजनाको कर्मचारीको व्यवस्थापनका लागि सशर्त अनुदानमा प्राप्त वजेटबाट कार्यविधि पुरा गरी कर्मचारी भर्ना प्रक्रिया अगाडि वढाउन नगर कार्यपालिकाको कार्यलयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ५ जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र मन्थली अगाडि रहेको मन्थली नगरपालिकाले ग्यारेज र भण्डारको रुपमा प्रयोग गर्दै आएको जग्गा केन्द्रले उपयोग र भोगाधिकारका लागि यस नगरपालिकामा माग गरेकाले भोगाधिकार प्राप्त गर्नका लागि आवश्यक प्रक्रिया पुरा गरी सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. ६ मन्थली नगरपालिकाको मन्थली वजारमा वसोवास गर्ने, वाहिरबाट उपचारका क्रममा मन्थली आई मृत्युवरण गर्न पुगेका र दुर्घटना भई मृत्यु भएका तामाङ्ग समुदायको दाह संस्कार गर्नका लागि ठाउँ उपलब्ध गराउन दाह संस्कार व्यवस्थापन समिति मन्थलीबाट माग भई आएकाले मन्थली वजारबाट सबै भन्दा नजिकको उपयुक्त स्थानको विकल्प खोजी गरी सम्बन्धित वडा कार्यालयको समन्वयमा दाह संस्कार गर्ने स्थान उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ७ आ.व. २०७७/०७८ मा प्रधानमन्त्री रोजगार कार्यक्रम युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना सञ्चालनार्थ पूर्ववत निर्धारण गरिएका आयोजनामा संघ, प्रदेश, नगरपालिका र अन्य साझेदार निकायबाट लगानिमा दोहोरोपना नहुने गरी शंसोधन गरी आयोजनाको शंसोधित लिष्ट ७ दिन भित्रमा नगरपालिकामा उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ८ मन्थली नगरपालिकामा कार्यालय समय भन्द अतिरिक्त समय विहान वेलुकि र विदाका दिनमा समेत कार्य गर्ने कर्मचारीलाई प्रोत्साहन गर्न नगरपालिकाबाट तयार भएको मापदण्ड परिमार्जन सहित पारित गर्ने निर्णय गरियो ।